


# प्रदेश-३

देश/विदेशका धेरै अनुसन्धानकर्ता त्यहाँ पुग्छन्। आफूले ल्याएको मेसिन प्रयोग गरेर त्यहाँको भौगोलिक अवस्थाबारे अध्ययन गर्छन्।

# ८३ किसानलाई अनुदानमा उपकरण वितरण




**नेपाल समाचारपत्र**

चितवन

चितवनमा तरकारी जोनका कृषकलाई अनुदानमा कृषि उपकरण वितरण गरिएको छ। प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कार्यान्वयन एकाइ तरकारी जोन पार्वतीपुर चितवनले हालै एक कार्यक्रमबीच तरकारी जोनका १० जना कृषकलाई मिनी टिलर, ७३ जनालाई अन्य उपकरण वितरण गरिएको वरिष्ठ कृषि अधिकृत भलकनाथ कँडेलले जानकारी दिए। अनुदानमा पावर टिलर पेरे मेसिन, तौल मेसिन तथा औषधि छर्ने स्प्रे मेसिन वितरण गरिएको थियो। मिनी टिलरलाई ५० प्रतिशत अनुदान दिइएको छ।

कस्टम हायरिङका उपकरण तथा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान वितरण कार्यक्रमलाई सम्बोधन गर्दै भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले परियोजना कार्यान्वयन एकाइ तरकारी जोन पार्वतीपुरले कृषि उत्पादकत्व वृद्धि गर्दै तरकारीमा आत्मनिर्भर बनाउने उद्देश्यले आफ्ना गतिविधि बढाइरहेकोमा खुसी व्यक्त गरिन्। मेयर दाहालले कृषकलाई मेसिनको अधिकतम उपयोग गरी उत्पादकत्व दोब्बर बनाउन सुझाव दिइन्।

कार्यक्रममा जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि अधिकृत सुधीर श्रेष्ठले अनुदान प्राप्त गर्ने किसानलाई उच्चतम प्रतिफल हासिल गर्न आग्रह गरे। समितिका सदस्य तथा वडा नम्बर २५ का अध्यक्ष विजय भुजेलले कार्यक्रमले कृषि उत्पादन वृद्धिमा ठूलो सहयोग पुर्‍याउने धारणा राखे। कार्यक्रम परियोजना कार्यान्वयन एकाइ तरकारी जोन पार्वतीपुरकी संयोजक बालिका गिरीको अध्यक्षतामा सम्पन्न भएको थियो।

## बेलकोटगढी खुला दिसामुक्त घोषणा

नुवाकोट, (नेस)

बेलकोटगढी नगरपालिकालाई बिहीबार खुला दिसामुक्त र पूर्ण खोपयुक्त क्षेत्र भएको घोषणा गरिएको छ।

बेलकोटगढीको घोषणाले जिल्लाका सबै स्थानीय तह खुला दिसामुक्त र १२ मध्ये ७ स्थानीय तह पूर्ण खोपयुक्त घोषणा भएका छन्। बेलकोटगढी नपाको केन्द्र बाघखोरमा आयोजित कार्यक्रममा नगरभित्रका ९ हजार ८३ परिवारमध्ये सबैका घरमा पक्की शौचालय निर्माण भएको सरकारी तथ्यांकको आधारमा प्रतिनिधिसभा सदस्य नारायणप्रसाद खतिवडाले खुला दिसामुक्त क्षेत्र भएको घोषणा गर्नुभयो। कार्यालयको तथ्यांकको आधारमा नगरमा रहेका सबै बालबालिका तोकिएको खोपको पहुँचमा रहेको प्रतिवेदनअनुसार पूर्णखोपयुक्त भएको घोषणा गरिएको हो।

प्रतिनिधिसभा सदस्य खतिवडाले नगरवासी सभ्य समुदायतर्फ उन्मुख भएको सन्देश घोषणा कार्यक्रमले दिएकाले आगामी दिनमा विकासका थप गतिविधितर्फ लाग्न सुझाव दिनुभयो। नगरका प्रमुख राजेन्द्ररमण खनालले विनाशकारी भूकम्पका कारण निजी आवासमा पुर्‍याएको क्षतिले त्यसको पुनर्निर्माण जारी रहँदा घोषणा कार्यक्रम केही ढिलाई भएको बताउनुभयो। खनालका अनुसार सबैका घरमा पक्की शौचालय निर्माण भएकाले अब 'एक घर, एक धारा' सार्वजनिक शौचालय, ढलनालीको उचित व्यवस्थापन तथा फोहोरको सुरक्षित स्थानमा विसर्जनका कार्यक्रम अवलम्बन गर्न लागिएको छ।

# मकवानपुरको युरेनियम खानीमा सरकारी दृष्टि

**रोशन पराजुली, हेटौंडा**

पूर्वी मकवानपुरमा रहेको ठूलो परिमाणको युरेनियम खानीतिर बल्ल सरकारी दृष्टि पुग्ने संकेत देखिएको छ।

सरकारले पारमाणविक पदार्थ तथा प्रविधि नियमन तथा संरक्षणसम्बन्धी ऐन ल्याउने भएकाले अब भने युरेनियन उत्खनन र बिक्री गरी स्थानीयलाई फाइदा पुग्ने बाटो खुल्ने भएको हो। विज्ञान प्रविधि मन्त्रालयले तयार गरेको ऐनको मस्यौदा हाल कानुन मन्त्रालयमा पुगेको छ।

ऐन आएपछि मकवानपुरमा पारमाणविक पदार्थको खोज, उत्खनन र प्रयोगको बाटो खुल्नेछ। हालसम्म नेपालमा परमाणविक पदार्थ र प्रविधि सुरक्षा र नियमन गर्ने विशेष कानुन बनेको थिएन। ऐन संसद्ले पारित गरेपछि मकवानपुरमा रहेका अनुमान गरिएका युरेनियम खानीको उत्खनन गर्ने मार्ग पनि प्रशस्त गर्नेछ।

बहुमूल्य युरेनियमले प्रभाव पारेको मकवानपुरको बकैया गाउँपालिकामा यसको विपद् व्यवस्थापनका लागि अन्तर्क्रिया भएको छ। विश्वको महँगो खनिज पदार्थ युरेनियमको अध्ययन गर्न सम्भावित खानी क्षेत्रमा स्थानीयलाई परेको नकारात्मक प्रभावबारे बल्ल सरकारी ध्यान पुग्ने संकेत देखिएको हो।

देश/विदेशका धेरै अनुसन्धानकर्ता त्यहाँ पुग्छन्। आफूले ल्याएको मेसिन प्रयोग गरेर त्यहाँको भौगोलिक अवस्थाबारे अध्ययन गर्छन्। तर, स्थानीयले यो के गरेको हो भन्नेसम्म पनि थाहा पाएका छैनन्। त्यहाँबाट अज्ञात समूहले ढुंगा/माटो लैजाने अनि फोटो खिच्ने गरेका छन्। 'युरेनियमको महत्त्वपूर्ण भण्डारण छ रे' भन्ने सुनेका स्थानीयलाई त्यसको प्रभाव वा प्रयोजनका बारे जानकारी छैन। स्थानीयलाई आफू बसेको ठाउँमा कस्तो प्रभावशाली चीज छ भन्ने विषयमा जानकारी नभएको हो।

गाउँका धेरै मानिस आँखा दुख्ने, शरीर चिलाउने, टाउको दुख्ने समस्याबाट पीडित छन्। केही वर्षयता त्यहाँ आँखा परीक्षण शिविर सञ्चालन हुँदै आएको छ। तापनि आँखा रोगीको संख्यामा कमी आएको छैन। मकवानपुरको साबिक धियाँलको तीनभंगाले कालोपानीमा युरेनियम भण्डारण रहेको बताइएको छ। त्यसको प्रभावले त्यहाँका बासिन्दा लामो समयदेखि चिन्तामा छन्। मकवानपुरको विकट स्थानमा रहेको युरेनियम भण्डारणबाट निस्केको विकिरणका कारण गाउँमा आँखाका रोगी बढी भएको हुनसक्ने अनुमान लगाउनेबाहेक सरकारी तथा गैरसरकारी निकायबाट कुनै पहल हुन सकेको छैन।

स्थानीयले थाहा नपाउञ्जेल त्यही कालापानी खहरेको पानी खाएका थिए। पछि त्यो पानी पिउन त के छुनसम्म नहुने जानकारी पाएपछि फापरबारीनजिकबाट पाइपमा ल्याएको पानी स्थानीयले उपभोग गरिरहेका छन्। ऐन आएपछि परमाणविक पदार्थ नियमन र संरक्षणका लागि आफ्ना कार्यक्रम र योजना बनाउन सकिनेछ। त्यसअनुसार मकवानपुरका विभिन्न भागमा रहेका युरेनियम खानीमा हुने अनुसन्धान पनि नियमको दायरामा आउनेछ।

ऐन आएपछि बन्ने नियामक निकायले नै मकवानपुरका युरेनियम खानी संरक्षणको योजना बनाउनेछ। यही नियामक निकायले युरेनियम संरक्षण, उत्खनन, भण्डारण, उपयोग र निर्यातको योजना बनाउनेछ।

### तीनभंगालेमा कम्तीमा ३५ टन युरेनियम

हेटौंडा बजारबाट करिब ४५ किलोमिटर पूर्वतिर रहेको तीनभंगाले गाउँ चुरे क्षेत्र हो। त्यहाँ १ सय मिटरभन्दा अग्ला डाँडा छैनन्, ती पनि ससाना थुम्कोमा सीमित छन्।


तीनभंगालेमा ड्रिल गर्ने, खाल्डो खन्ने अनि माटो लैजाने कार्य ३० वर्षदेखि अनवरत चलिरहेको छ। तीनभंगालेको त्यही ठाउँ हो, जहाँ सन् १९९० मा खानी तथा भूगर्भ विभागले पहिलोपटक आधिकारिकरूपमा युरेनियम खानी रहेको तथ्य पत्ता लगाएको थियो।

खानी तथा भूगर्भ विभागको तथ्यांकमा तीनभंगाले कालोपानी खोला आसपास क्षेत्रमा करिब १५ हजार टन युरेनियम खानी भण्डार छ, जसलाई उत्खनन गरी प्रशोधन गर्दा कम्तीमा ३५ टन शुद्ध युरेनियम निकाल्न सकिने प्रारम्भिक अनुमान छ।

खानी विभागले गामारे स्पेक्ट्रोस्कोपी मिटरको सहायताले तीनभंगाले क्षेत्रमा गरेको परीक्षणमा २७ हजार ४ सय ५ कुल विकिरण काउन्ट प्रतिसकेन्ड (सीपीएस) देखिएको थियो, जबकि औसत जमिनमा १ सयदेखि १ सय ५० सीपीएसमात्र विकिरण प्रभाव देखिन्छ।

सन् १९९० कै परीक्षणअनुसार तीनभंगाले क्षेत्रमा करिब ५ सय १२ मिटर लम्बाइ र १ देखि ५ मिटर मोटाइमा युरेनियम भण्डार रहेको अन्वेषण गरिएको छ। तीनभंगालेको युरेनियम भण्डार रहेको कालोपानी खोलाछेउको भाग खुला छ।

## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।

जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

# जिससले रोक्यो नदीजन्य सामग्रीको उत्खनन

**नेपाल समाचारपत्र**

नुवाकोट

जिल्ला समन्वय समिति नुवाकोटले जिल्लामा सञ्चालित नदीजन्य सामग्रीको उत्खनन बन्द गराएको छ।

असारदेखि भदौ ३ महिना नदीमा पानीको बहाव बढेकाले नदीजन्य सामग्रीको उत्खननले किनार क्षेत्रमा कटानबाट जोखिम निम्त्याउने भन्दै उत्खननमा पूर्णरूपमा रोक लगाएको जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख सन्तमान तामाङले बताउनुभयो। उहाँले नदी एवं खोलाबाट ढुंगा, गिटी, बालुवालगायतका नदीजन्य सामग्री उत्खनन र निकासीमा रोक लगाएको र चालू आर्थिक वर्षमा लगाइएको ठेक्का सम्झौता जेठ मसान्तमा समाप्त भएकाले नदीजन्य सामग्री निकासीसमेत रोक्न प्रहरी परिचालन भएको बताउनुभयो।

असार महिनासहित ३ महिना जिल्लाको त्रिशूली, तादी, लिखु, फलाखु, सलाखु, सामरीलगायतका खोलाबाट बालुवा, ढुंगा, गिटीलगायतका सामग्री उत्खननमा पूर्ण निषेध गरिएकाले त्यस्तो कार्य आपराधिक मानेर नियन्त्रण गर्न प्रहरी परिचालन गरिएको जिल्ला समन्वय समितिले जनाएको छ। ३ महिनासम्म नदी र खोलामा ठेकेदार कम्पनी, राष्ट्रिय गौरवको आयोजना, राष्ट्रिय प्रथामिकता प्राप्त आयोजनालगायतलाई समेत उत्खनन बन्द गरिएको कार्यालयले जनाएको छ।

जिसस नुवाकोटले चालू आर्थिक वर्षमा नदीजन्य सामग्रीबाट १० करोड ७ लाख रुपियाँ राजश्व संकलन गरेको छ। आगामी आर्थिक वर्षका लागि भने बोलपत्र आह्वान भएको छैन। स्थानीय तहको पुन:संरचना हुनुभन्दा अगाडि असार अन्तिममा बोलपत्र आह्वान हुने गरेकोमा हाल सम्बन्धित स्थानीय तह आफैंले नदी जन्य सामग्रीमा कर लगाउने भएपछि जिल्ला समन्वय समितिले बोलपत्र आह्वान नगरेको हो। जिल्ला समन्वय समिति र प्रहरीले कडा गरेको भनिएको नदीजन्य पदार्थ उत्खननमा भने केही स्थानमा रातभरि काम हुने गरेको पाइएको छ। रातको समयमा खोलामा मेसिननै प्रयोग गरेर नदीजन्य सामग्री निकाल्न थालिएको छ। यसमा संगठितरूपमा कार्य गर्नेदेखि एक्लाएक्लै गर्नेहरूसमेत संलग्न छन्। त्रिशूली, तादी र लिखु नदीका विभिन्न भागबाट ढुंगा, बालुवा उत्खनन् भइरहेको छ। यो विषयमा प्रहरीलाई राम्रो जानकारी रहे पनि नियन्त्रणका लागि चासो नदेखाएको आरोप स्थानीवासीहरूले लगाएका छन्।

जिल्ला समन्वय समितिसहितका अन्य निकायबाट बजेट विनियोजन भएको सडक निर्माणमा प्रयोग हुने सामग्रीको नाममा पनि नदीजन्य पदार्थको उत्खनन हुने गरेको छ। सडक निर्माणका लागि भन्दै सडकबाट उठाइने सामग्री अन्यत्र भण्डारण गर्ने र व्यवसायिकरूपमा प्रयोग गरिने गरेको समेत पाइएको छ।

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता। बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता। दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता। मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेसनरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७५, असार
आइतबार
२४

जिल्ला समन्वय समिति पाल्पाको अगुवाइ र स्थानीयसरकारको आफ्नो लगानीमा वैकल्पिक मार्गको नयाँ ट्र्याक खोल्ने काम पूरा भएको हो।

# नेपाल

## रूखले च्यापिएर दुईको मृत्यु, एक घाइते

**दयाराम पण्डित, बाजुरा**

बाजुराको गौमुल गाउँपालिका वडा नं ३ रातामाटी भन्ने ठाउँमा रूखले च्यापिएर शुक्रबार राति २ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा गौमुल गाउँपालिका वडा नं ३ गर्जेका अन्दाजी २६ वर्षीय धर्मबहादुर बोहरा र २ वर्षीय भीमबहादुर बोहरा छन्। दुवैजनाको घटनास्थलमै मृत्यु भएको प्रारम्भिक जानकारी प्राप्त भएको छ।

रूखले च्यापिएर घाइते हुनेमा सोही वडाका खन्टे बोहरा रहेका छन्। घाइतेको उपचारका लागि स्थानीयले जिल्ला अस्पताल मार्तडीतर्फ ल्याउँदै गरेको बताइएको छ। यद्यपि घटनास्थल मार्तडीदेखि झन्डै १० कोष पैदल दूरीमा भएकाले मार्तडी पुऱ्याउन समय लाग्ने बताइएको छ।

स्थानीय दीपा बोहराले दिनुभएको जानकारीअनुसार घरका लागि काठ चिर्न भनेर गएका तिनैजना रातामाटी जंगलमा त्रिपाल टांगेर सुतिरहेको अवस्थामा शुक्रबार राति रूख ढलेर च्यापिएका हुन्। बोहराको आफ्नै घर निर्माणका लागि २ दिनदेखि जंगलमा बस्दै आएका थिए। राति हावाहुरीका कारण रूख ढलेपछि त्रिपालभित्रै च्यापिएर मृत अवस्थामा फेला परेको स्थानीयले बताएका छन्।

थप उद्धारका लागि जिल्ला प्रहरी कार्यालय बाजुराबाट उद्धार टोली घटनास्थलतर्फ पठाइएको प्रहरीले जनाएको छ।

## छोरीको हत्या अभियोगमा आमा पक्राउ

लमजुङ, (नेस)

लमजुङमा छोरीको हत्या गरेको अभियोगमा १ आमा पक्राउ परेकी छन्। उनलाई काठमाडौंबाट नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय लमजुङमा ल्याएको प्रहरीले जनाएको छ।

पक्राउ पर्ने महिला लमजुङ जिल्लाको रागिनास नगरपालिका-३ ढाँडखर्कमा स्थायी बासोबास भएकी ३० वर्षीया सम्झना विक भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। उनले १८ महिना पुगेकी छोरी मञ्जिला विकलाई मार्ने नियतले घाँटीमा सल बेरी कसी घाइते बनाएको अवस्थामा आफन्तले देखेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजेन्द्र अधिकारीले बताउनुभयो। उहाँका अनुसार ती बालिकाको उपचारका लागि आफन्तजन तथा बालिकाकी आमा सम्झना विकसमेतले स्थानीय मेडिकलमा लगेका थिए।

त्यहाँ ती बालिकाको उपचार हुन नसक्ने भन्दै काठमाडौंस्थित कान्तीबाल अस्पतालमा रिफर गरिएको थियो। तर उपचार गर्ने क्रममा बालिकाको असार १८ गते मृत्यु भएको हुँदा मृतक बालिकाकी आमा सम्झना विकलाई तत्काल महानगरीय प्रहरी वृत्त महाराजगन्जले पक्राउ गरी थप अनुसन्धानको लागि कार्यालयमा उपस्थित गराएको अधिकारीले बताउनुभएको छ। उहाँका अनुसार ती महिलाको जिल्ला अदालतबाट १२ दिनको म्याद थप गरी जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा राखी थप अनुसन्धान कार्य भइरहेको छ।

## लाइट स्टोन ठगी प्रकरणमा अर्का व्यक्ति पनि तानिए

लमजुङ, (नेस)

लमजुङमा चलाउन तयारी गरिएको लाइट स्टोन ठगी प्रकरणमा मुद्दामा अर्का व्यक्ति पनि पक्राउ परेका छन्। सो मुद्दाको अनुसन्धानका क्रममा हिरासतमा रहेका व्यक्तिको बयानका आधारमा अर्का व्यक्ति पक्राउ परेका हुन्।

पक्राउ पर्नेमा गुल्मी दरबार गाउँपालिका-५ मा स्थायी बासोबास भएका ४३ वर्षीय अर्जुन पौडेल भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजेन्द्र अधिकारीले बताउनुभएको छ। उहाँका अनुसार उनलाई काठमाडौं महानगरपालिका-३० डिल्लीबजारबाट पक्राउ गरी ल्याइएको हो। सो मुद्दामा गोरखा अजिरकोट गाउँपालिका-४ बस्ने वर्ष ५३ को चन्द्रबहादुर तामाङलाई बेंसीशहरबाट पक्राउ गरी जिल्ला अदालतबाट म्यादथप गरी थप अनुसन्धान थालिएको थियो। सोही क्रममा लिइएको बयानमा तामाङले पौडेललाई पोलेको प्रहरी निरीक्षक अधिकारीले बताउनुभयो। उहाँका अनुसार तामाङलाई बेंसीशहर नगरपालिका-७ स्थित घनपोखरा गेस्ट हाउसबाट असार १२ गते पक्राउ गरिएको हो।

उनलाई सो होटलको माथिल्लो तलाको कोठामा केही व्यक्तिबीच ठगी गर्ने मनसायले कुनै वस्तुको किनबेचका लागि मोलमोलाई भइरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको प्रहरी निरीक्षक अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार प्राप्त सूचनाका आधारमा तत्काल सो गेस्ट हाउसमा चेकजाँच गर्दा तामाङ बसेको लोबेडको सिरानीमुनि कागजमा कपासले बेरेको अवस्थामा अँध्यारोमा उज्यालो दिने सेतो रङको अण्डाकार 'लाइट स्टोन' भनिएको वस्तु फेला परेको थियो। तामाङका विरुद्धमा ठगी मुद्दामा अनुसन्धान चलाएकामा उनले अधिकार प्राप्त अधिकारीसमक्ष बयान दिंदा पोलमा पारेको हुँदा पौडेललाई पक्राउ गरिएको प्रहरी निरीक्षक अधिकारीले बताउनुभयो।

## शिक्षक सेवा आयोगको आवेदन बुझाउन झन्झट

**विनोदसिंह विष्ट, बैतडी**

बैतडीमा शिक्षक सेवा आयोगको आवेदन बुझाउन २/३ दिन लाग्ने गरेको आवेदकहरूले गुनासो गरेका छन्। यसले परीक्षार्थी मर्कामा परेका छन्। टाढाबाट आवेदन बुझाउन आउनेहरू निकै समस्यामा परेको पाटन नगरपालिका वडा नम्बर ३ बाट शिक्षक सेवा आयोगको आवेदन बुझाउन सदरमुकाम पुग्नुभएका दीपेन्द्र पन्तले बताउनुभयो।

सदरमुकाम पुगेको ३ दिनसम्म पनी आफूले आवेदन बुझाउन नपाएको गुनासो पन्तले गर्नुभयो। वाणिज्य बैङमा बिहान १० बजे भौचर भर्दा साँझ ६ बजे मात्र काम बन्ने गरेको पन्तको भनाइ छ। यस्तै शिक्षा विकास तथा समन्वय एकाइ बैतडी कार्यालयमा पनि बिहान १० बजे आवेदन बुझाउन जाँदा साँझ ५ बजेसम्म लाइनमा बस्नुपर्ने अवस्था आएको गुनासो गर्नुभयो। सेवाग्राहीको भीडभाड र कर्मचारीको व्यवस्थापन नहुँदा यस्तो समस्या भएको शिक्षक पन्तको भनाइ छ।

यता एकाइ प्रमुख नरेन्द्रप्रसाद अवस्थीले भने सकेसम्म आवेदन बुझाउने परीक्षार्थीलाई सहज वातावरण बनाउने प्रयास गरिरहेको बताउनुभएको छ। 'पहिले वास्ता नगरेर अन्तिममा आएर आवेदन बुझाउने गरेकोले यस्तो अवस्था आएको हो', उहाँले भन्नुभयो- 'अधिकृतदेखि लिएर सबै कर्मचारी यो काममा खटाएको हुनाले यस्तो समस्या आएको होइन।' पहिलेको भन्दा अहिले आवेदन बुझाउने परीक्षार्थीलाई आफूहरूले धेरै ठाउँ पुग्नुपर्ने समस्या हटाएको उहाँले बताउनुभयो। परीक्षार्थीलाई एकै ठाउँबाट काम गर्न सक्ने व्यवस्था मिलाएको उहाँको भनाइ छ। एकाइ प्रमुख अवस्थीले कोही १/२ जना परीक्षार्थीकै व्यक्तिगत कारणले यस्तो समस्या आए पनि आफूहरूबाट भने यस्तो वातावरणको सिर्जना नभएको बताउनुभयो। आफूसँग पनी काम ढिलासुस्ती भयो भनेर अहिलेसम्म कुनै परीक्षार्थीको गुनासो नआएको अवस्थीको भनाइ छ।

आर्थिक वर्षको अन्तिम महिना भएकाले बैंकमा पनि योजना निर्माण सम्पन्नपश्चात् स्थानीय तहका नागरिक पनि भुक्तानी लिन आउने भएकाले बढी समय लाग्ने गरेको छ। यसैबीच शिक्षक सेवा आयोगको फर्म भर्दा राष्ट्रिय वाणिज्य बैंकको भौचरमा शिक्षा कार्यालयको स्टयाम्प (छाप) अनिवार्य भएपछि सेवाग्राहीलाई पर्न गएको मार्काबारे नेपाल पत्रकार महासंघ र सामाजिक चेतना तथा विकास संघ (साडा) नेपालको एक टोलीले राष्ट्रिय वाणिज्य बैंक शाखा बैतडीसँग शुक्रबार छलफल गर्दा अबउप्रान्त राजश्व जम्मा गर्दा शिक्षा कार्यालयको छाप नभए पनि बैंकले राजश्व लिने बैंकले जनाएको छ।

## ३० वटा विधेयक पारित

बुटवल, (नेस)

बुटवल उपमहानगरपालिकाले थप ४ वटा महत्त्वपूर्ण विधेयक जारी गरेको छ।

उपमहानगरको जारी तेस्रो नगरसभामा प्रस्तुत भएका विधेयक पारित भएका हुन्। नगरसरकारका प्रमुख शिवराज सुवेदीको अध्यक्षतामा बसेको नगरसभामा आर्थिक विधेयक-२०७५, आर्थिक कार्यविधि विधेयक-२०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक-२०७५ तथा नगर स्वास्थ्य विधेयक-२०७५ प्रस्तुत भएका थिए।

नगरसभामा उपप्रमुख गुमादेवी आचार्यले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, आर्थिक समितिका संयोजक टंक पराजुलीले आर्थिक विधेयक र सीतादेवी आचार्यले नगर स्वास्थ्य विधेयक प्रस्तुत गर्नुभएको उपमहानगरका प्रवक्ता रामप्रसाद रेग्मीले जानकारी दिनुभयो। उपमहानगरको दोस्रो नगरसभाले यसअघि विभिन्न २६ वटा विधेयक पारित गरिसकेको छ। जारी नगरसभामा अहिले बजेटमाथि अन्तिम छलफल भइरहेको प्रवक्ता रेग्मीले बताउनुभयो।

बुटवल उपमहानगरपालिकाले आर्थिक वर्ष २०७५/७६ का लागि नगर उप-प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक आचार्यले १ अर्ब ६६ करोड ५० लाख १६ हजार ८ सय ३१ रुपियाँबराबरको बजेट प्रस्तुत गर्नुभएको थियो। शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि र पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको बजेटको मुख्य उद्देश्य 'सुन्दर बुटवल, समृद्ध बुटवल : खुसी बुटवलबासी' रहेको छ।

## काममा ढिलासुस्ती गर्ने नौ ठेकेदारको सूची गृहमा

**धनवीर दाहाल, रुकुम**

रुकुमका विभिन्न योजना/आयोजनामा ढिलासुस्ती गर्ने ९ ठेकेदार कम्पनीको सूची गृह मन्त्रालयमा बुझाइएको छ। जिल्ला प्रशासन कार्यालयले विभिन्न योजना/आयोजना सम्झौता अवधिभन्दा धेरै समय कटिसक्दा पनि निर्माण नगरेको भन्दै ९ ठेकेदार कम्पनीको सूची गृह मन्त्रालयमा पठाइएको हो। सडक, सडक पुल, बसपार्क, सिँचाइलगायतका आयोजनामा ढिलासुस्ती भएको पाइएकाले सम्बन्धित ठेकेदार कम्पनीको सूची गृह मन्त्रालयमा पठाइएको प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले बताउनुभयो। जिम्मा लिएको काममा ढिलासुस्ती गर्नेहरूको सूची गृह मन्त्रालय पठाउनुका साथै कामकाजलाई तीव्र पार्न भनिएको प्रजिअ रेग्मीले बताउनुभयो।

चौरजहारी नगरपालिकामा बसपार्क निर्माणको काममा ढिलासुस्ती गर्ने मोतिदान/बानिया कन्ट्रक्सन सेवा, चौरजहारी बसपार्क-सिमलेखोला-त्रिवेणी-खहरे-लहरे-पीपलबोट-प्रियाटाकुरा-खहरे सडक निर्माणको जिम्मा लिएको मोतिदान/बानिया कन्ट्रक्सन सेवा, आठबीसकोट सिँचाइ उपआयोजनाको जिम्मा लिएको खड्का कृष्ण कन्ट्रक्सन सेवा, मेगापुल पूर्तिमकाँडा गरायलाको सडक पुल निर्माणको जिम्मा लिएको सपना सेलुङ्ग जेभीको सूची जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयमा पठाएको हो। यस्तै गरी भरलाखोला पुल बाँसखोला निर्माणको जिम्मा लिएको नागार्जुन कन्ट्रक्सन कम्पनी, बाँसखोला पुल बाँसखोलाको जिम्मा लिएको नागार्जुन कन्ट्रक्सन कम्पनी, फलामेगौंडा-नदुवा-खदी-गोतामकोट सडक निर्माणको जिम्मा लिएको कान्छाराम कन्ट्रक्सन कम्पनी, त्रिभुवन जनता मावि भवन निर्माणको जिम्मा लिएको सस्छन्द सूर्य जेभी, नयाँ शहर आयोजनाको भवन निर्माणको जिम्मा लिएको रोशन कन्ट्रक्सन कम्पनीको कामका प्रगतिसहितको प्रतिवेदन गृहमा पठाइएको छ।

जिल्ला प्रशासनमार्फत गृहमा बुझाइएका योजनाको भौतिक प्रगति ४ देखि ८० प्रतिशतसम्म रहेको छ। मेगापुल पूर्तिमकाँडा गरायलाको सडक पुल निर्माणको प्रगति ४ प्रतिशत छ भने फलामेगौंडा-नदुवा-खदी-गोतामकोट सडक निर्माणको प्रगति ८० प्रतिशत रहेको छ। योजना समयमै सम्पन्न नहुँदा सर्वसाधारणको दैनिकीसहित विकास निर्माणका कार्य ठप्प भएका छन्। सडक पुल नबन्दा लामो समयदेखि सर्वसाधारणले सास्ती खेपेका छन्। 'सडक तथा पुल बनाउन सरकारले दिएको पैसाको पनि उपयोग नभएपछि समस्या ठूलो समस्या भएको छ', जिल्ला समन्वय समिति सदस्य धनवीर ओलीले भन्नुभयो- 'विकास गर्न भनेर दिइएको बजेट र कामको जिम्मा पूरा नगर्ने परिपाटी अन्त्य नभए सम्म विकास पनि नहुने र जनताले पनि सुविधा नपाउने अवस्था भइरहने देखिन्छ।' ठूला र महत्त्वपूर्ण योजना समयमै नसकिएपछि त्यसले सबैतिर असर गरेको भनाइ उहाँको छ।

निर्माणाधीन योजना/आयोजनाको काम सम्झौता गरेको अवधिमा नसकिनुका पछाडि ठेकेदारको लापरबाहीको नै मुख्य कारण रहेको प्रमुख जिल्ला अधिकारी रेग्मीको भनाइ छ। 'योजना आयोजना समयमै सम्पन्न हुन नसक्नुका कारणमा अरू पनि देखिएका छन्, तर मुख्य कारण भनेको ठेकेदारकै लापरबाहीका कारण देखिएको छ' -प्रजिअ रेग्मीले भन्नुभयो।

## झुम्सा-चरङ्गे वैकल्पिक मार्गको ट्र्याक खुल्यो



**नेपाल समाचारपत्र**

पाल्पा


वर्षात्को बेलामा मात्र होइन अरू बेला पनि ज्यानमारा मार्गको रूपमा परिचित पाल्पा-बुटवल सडकखण्डको सिद्धबाबा क्षेत्रको विकल्पका रूपमा अर्को वैकल्पिक मार्गको ट्र्याक खोलिएपछि जिल्लाबासीमा खुसीको सञ्चार भएको छ। जिल्ला समन्वय समिति पाल्पाको अगुवाइ र स्थानीय सरकारको आफ्नो लगानीमा वैकल्पिक मार्गको नयाँ ट्र्याक खोल्ने काम पूरा भएको हो।

यस मार्गका लागि ५ नं प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि १० करोड रुपियाँ विनियोजन गरेको छ। साथै तिनाउ गाउँपालिकाले ६० लाख र रिब्दीकोट गाउँपालिकाले १० लाख रुपियाँ लगानी गरिसकेका छन्। तानसेन नगरपालिकाले २० लाख र बगनासकाली गाउँपालिकाले ५ लाख रुपियाँ र देवदह नगरपालिका रूपन्देहीबाट १० लाख गरी १ करोड १० लाख रुपियाँमा बाटोको ट्र्याक खोलिएको हो।

झुम्सा-चौकीभञ्ज्याङ-चरङ्गे वैकल्पिक मार्गको लम्बाइ करिब २० किलोमिटर रहेको छ। पाल्पाको झुम्सा चौकीभञ्ज्याङ ७ किलोमिटर र रूपन्देहीको चरङ्गे मुढाबास ७.५ किलोमिटरमा यसअघि नै ट्र्याक खोलिएको थियो। चौकीभञ्याङ मुढाबासखण्डको करिब साढे ५ किलोमिटरमा नयाँ ट्र्याक खोलेपछि झुम्सा चरङ्गे सडकले जोडिएको छ। पाल्पाली जनप्रतिनिधिले आउने आर्थिक वर्षमा सडक फराकिलो बनाउने र ग्राभेलसम्मको काम सक्ने रणनीतिसमेत अघि सारेका छन्।

## ग्रामीण क्षेत्रका सडक हिलाम्मे
### यात्रा जोखिमपूर्ण बन्दै

**गणेश घिमिरे, इलाम**



वर्षा शुरू भएदेखि इलामका ग्रामीण क्षेत्रमा जाने सडक हिलाम्मे बनेका छन्। सदरमुकामदेखि जिल्लाका विभिन्न गाउँ जाने सडकको अवस्था अहिले बिजोग बनेको छ। ग्रामीण क्षेत्रका कच्ची सडक, त्यहीमाथि पानीले हिलाम्मे भएको बाटोको यात्रा जोखिमपूर्ण छ।

वर्षात्का कारण कच्ची सडक ठाउँ-ठाउँमा भत्किनुका साथै हिलाम्मे भएपछि यात्रुले गाडी धकल्दै लैजानुपर्ने बाध्यता छ। सडकको अवस्था हेर्दा खेतमा रोपाइँ गर्न गएकोजस्तो देखिन्छ। यात्राको करिब आधा समय गाडी धकल्दैमा बिताउँछन् यात्रुहरू। अर्थात् यात्रुलाई गाडीले होइन कि यात्रुले गाडीलाई धकेलेरै भए पनि गन्तव्यसम्म पुऱ्याउँछन्। जोखिम मौल्दै भए पनि गन्तव्यतर्फ पुग्नुपर्ने अवस्था रहेको सवारी चालक बताउँछन्। गन्तव्यमा पुग्नलाई कहिले बिग्रिएको बाटो सम्याउँदै, कहिले गाडी धकेल्दै पुग्नुपर्ने बाध्यता यात्रुको रहेको छ। पानी परेपछि न सवारी साधन चल्छ न मान्छे नै हिँड्न सकिन्छ। अरू समयमा ३/४ घन्टामा पुग्न सकिने बाटोमा दिनभरिको कष्टकर यात्रा गर्नुपरेको यात्रुको भनाइ छ।

ठाउँ-ठाउँमा पहिरो गएका हिलाम्मे सडकमा दुर्घटनाको जोखिम बढ्दै गएको छ। ती सडकमा न यातायातका साधन जोखिम मोलेर चलिरहेका छन् भने सडक मर्मततर्फ कुनै पक्षको ध्यान गएको छैन। यात्राको करिब आधा समय यात्रुहरू गाडी धकल्दैमा बिताउँछन्। प्राविधिकको स्टिमेटबिना जथाभावी निर्माण गरिएका कच्ची सडकका कारण जिल्लाका ग्रामीण क्षेत्र कुरुप र यात्राका लागि खतरा बन्दै गएका छन्। प्राविधिक दृष्टिले उच्चजोखिम मानिएका क्षेत्रमा समेत सडक निर्माण गर्ने होडबाजीले एकातिर गाउँलाई कुरुप बनाएको छ भने जोखिम पनि उत्तिकै बढाएको छ। गाँउबस्तीमा पर्ने असरबारे ख्याल नगरी बनाइएका धेरै मोड र साँघुरा सडकका कारण विकासभन्दा बढी विनाश भएको स्थानीयले बताएका छन्। विगतमा हचुवाका भरमा सडक खनिएको इलाम माङसेबुङ गाउँपालिकास्थित बाँझोका टंक योङहाङले बताए। उनले भने- 'ती सडक अहिले जोखिममा रहेका छन्।' सवारीसाधनले यात्रु मात्र होइन साथमा कोदालो, साबेललगायतका बाटो खन्ने सामग्री समेत बोकेर हिँड्नुपर्ने बाध्यता छ।

बर्खा लागेसँगै जिल्लाका अधिकांश ग्रामीण सडक हिलाम्मे भएर सवारीसाधन सञ्चालनमा कठिनाइ भएको छ। गाउँ-गाउँमा सडकको पहुँच पुऱ्याउने होडबाजीका साथ निर्माण भएका सडक न त प्राविधिकरूपमा मापदण्ड पूरा गरेका छन् न त स्तरीय नै छन्। तर पनि ग्रामीण तथा कृषि सडकका नामले सडक विस्तार गर्ने काम भने रोकिएको छैन। मापदण्ड पूरा गर्दै स्तरीय सडक निर्माण गर्नुको सट्टा गाउँमा बाटो पुऱ्याउने प्रतिस्पर्धा हुँदा जनता जोखिमपूर्ण यात्रा गर्न बाध्य हुनु परेको माईजोगमाई गाउँपालिका-१ का प्रदीप राईले बताए।

बर्खायाम शुरू हुनेबित्तिकै प्राय:जसो ग्रामीण सडकका भाडादर पनि बढ्ने गरेको छ। सडकको अवस्था बिग्रिएका कारण सवारीसाधनमा बढी क्षति पुग्ने भएकाले यात्रुबाट धेरै भाडा लिनुपरेको सवारीधनी बताउँछन्। माल सामान ढुवानीमा वर्षा शुरू हुनेबित्तिकै साविकको भन्दा भाडा बढी हुने गरेको छ।